नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## डडेल्धुरा

फोन नं.: ४२०१३३
४२०५५५
फ्याक्स नं.: ४२०१५३
daodadeldhura133@gmail.com

पत्र संख्याः- २०८२/०८३ मितिः- २०८२/११/२०

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा सहभागिताको लागि जिल्लाबासीहरूमा अनुरोध!**

यही मिति २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण एवम् भयरहित वातावरणमा सम्पन्न गर्न त्रुटिरहित शान्ति सुरक्षाको व्यवस्था, मतदानस्थलहरूमा कर्मचारीहरूको खटनपटन, मतदान सामाग्रीहरूको व्यवस्थापन लगायतका सम्पूर्ण तयारी पूरा गरी सकिएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा कुनै किसिमको डर, त्रास नलिई भयरहित भई निर्धक्क साथ मतदान गर्न सम्पूर्ण जिल्लाबासीहरूलाई जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा हार्दिक अपिल गर्दछ। मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको समयमा कुनै किसिमको अशान्ति, हुलदङ्गा जस्ता क्रियाकलापहरूलाई व्यवस्थापन र नियन्त्रण गर्न यस कार्यालयले डडेल्धुरा जिल्लाका सबै क्षेत्रहरूका लागि स्थानीय प्रशासन pऐन, २०२८ को दफा ६ (१) बमोजिमको अधिकार समेत प्रयोग गर्ने गरी तपसिल बमोजिमको सुरक्षा अनुगमन घुम्ती टोली प्रमुखहरूको खटनपटन गरिएको छ। मतदानस्थल लगायतका क्षेत्रमा कुनै किसिमको अशान्ति, हुलदङ्गा भएमा जिल्ला सुरक्षा समिति तथा सुरक्षा अनुगमन घुम्ती टोलीका तपसिल बमोजिमका पदाधिकारीहरूलाई जानकारी गराउनुहुन समेत यो कार्यालय हार्दिक अपिल गर्दछ।

**जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूः-**

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | विष्णुप्रसाद कोइराला | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा | ९८५८७१७७७७ |
| २ | प्रल्हाद थापा | प्रमुख सेनानी | अर्जुनबाण गण, दहब्यारेक, डडेल्धुरा | ९८५८०३८१८८ |
| ३ | बरुण बहादुर सिंह | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा | ९८५८७१५५५५ |
| ४ | प्रकाश चन्द्र भट्ट | स.प्र.ना.उ. | स.प्र.बल नेपाल नं. ५२ गण, हे.क्वा., डडेल्धुरा | ९८५१२७२७३९ |
| ५ | महेश प्रसाद अवस्थी | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, डडेल्धुरा | ९८५११९५७७८ |
| ६ | अमर बहादुर वली (सुरक्षा अनुगमन टोली प्रमुख) | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा | ९८५८४८६६६६ |

**अनुगमन घुम्ती टोली प्रमुख/अनुगमन अधिकृतः-**

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | शर्मीला सुवेदी (अनुगमन घुम्ती टोली प्रमुख) | का.मु.प्र.क.अ | आन्तरिक राजश्व कार्यालय, डडेल्धुरा | ९८५११८०७०९ |
| २ | दिपेन्द्र ओझा (अनुगमन अधिकृत) | नि.प्र.को.नि. | कोष तथा लेखा नियन्त्रक कार्यालय, डडेल्धुरा | ९८५८७८४४९५ |

(अमर बहादुर वली)
सहायक प्रमुख जिल्ला अधिकारी

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"